# निजामती कर्मचारी अस्पताल (कार्यकारी निर्देशकको नियुक्ति, काम, कर्तव्य, अधिकार र सेवा सुविधा) विनियमावली, २०७७

निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ को दफा १५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निजामती कर्मचारी अस्पताल विकास समितिले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परामर्श लिई यो विनियमावली बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी विनियमहरुको नाम "निजामती कर्मचारी अस्पताल (कार्यकारी निर्देशकको नियुक्ति, काम, कर्तव्य, अधिकार र सेवा सुविधा) विनियमावली, २०७७" हुनेछ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "अस्पताल" भन्नाले निजामती कर्मचारी अस्पताल सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले निजामती कर्मचारी अस्पतालको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "गठन आदेश" भन्नाले निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ लाई सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले निजामती कर्मचारी अस्पताल विकास समिति सम्झनु पर्छ ।

(च) "सिफारिस समिति" भन्नाले विनियम ३ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ ।

## परिच्छेद-२
## नियुक्ति प्रक्रिया

३. सिफारिस समिति गठन गर्नेः (१) समितिले कार्यकारी निर्देशक नियुक्तिका लागि उपयुक्त उम्मेदवारको नाम सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछ ।

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) सचिव, लोक सेवा आयोग - सदस्य

(ङ) समितिले तोकेको विषय विज्ञ - सदस्य

४. <u>बैठक सम्बन्धी कार्यविधि:</u> सिफारिस समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>सिफारिस समितिको सचिवालय:</u> (१) सिफारिस समितिको सचिवालय मन्त्रालयमा हुनेछ ।

(२) सिफारिस समितिको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था मन्त्रालयले गर्नेछ।

(३) सिफारिस समितिको कार्यसञ्चालन सम्बन्धी खर्च अस्पतालले व्यहोर्नेछ ।

६. <u>कार्यकारी निर्देशकको लागि अयोग्यता:</u> देहायको व्यक्ति कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि अयोग्य हुनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) गठन आदेशको दफा ६ को उपदफा (३) बमोजिमको योग्यता नपुगेको,

(ग) भ्रष्टाचार, जासूसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(घ) कुनै राजनीतिक दलको सदस्य,

(ङ) प्रचलित कानून बमोजिम कालोसूचीमा रहेको वा सम्बन्धित निकायको कारबाहीमा परेको ।

७. <u>कार्यकारी निर्देशकको उमेर हद:</u> कार्यकारी निर्देशक पैसठ्ठी वर्ष उमेर पुरा भएपछि पदमा बहाल रहने छैन् ।

८. <u>सूचना प्रकाशन:</u> (१) सिफारिस समितिले कार्यकारी निर्देशक पदको लागि आवेदन आह्वान गरी पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको अवधि भित्र कम्तीमा तीन जनाको आवेदन नपरेमा वा आवेदन रीतपूर्वक नभई रद्द भएमा वा तीनजना भन्दा कम उम्मेदवारको आवेदन कायम रहेमा वा विनियम १८ बमोजिम तीन जना उम्मेदवारको नाम सिफारिश हुन नसकेमा सिफारिस समितिले पुनः सात दिनको सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(३) उपविनियम (१) वा (२) बमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका तथा मन्त्रालय र अस्पतालको वेभसाइटमा समेत प्रकाशन गरिनेछ ।

(४) कार्यकारी निर्देशकको लागि आवेदन पेश गर्ने व्यक्तिले आवेदन दस्तुर वापत उपविनियम (१) वा (२) बमोजिमको सूचनामा तोकिएको बैङ्क खातामा पाँच हजार रुपैयाँ जम्मा गर्नु पर्नेछ ।



सचिव (राजस्व)

९. <u>आवेदन पेश गर्नु पर्ने:</u> कार्यकारी निर्देशकको लागि योग्यता पुगेका इच्छुक व्यक्तिले विनियम ८ बमोजिमको सूचनामा तोकिएको मिति र स्थानमा कार्यालय समयभित्र अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

१०. <u>आवेदन साथ पेश गर्नु पर्ने कागजात:</u> (१) विनियम ९ बमोजिम आवेदन पेश गर्ने व्यक्तिले आवेदन साथ देहायका कागजात समावेश गर्नु पर्नेछ:-

(क) शैक्षिक योग्यता र तालिम सम्बन्धी कागजातहरुको प्रतिलिपि,

(ख) अस्पताल व्यवस्थापन सम्बन्धी विषयमा Index Journal मा अनुसन्धानमूलक लेख प्रकाशित भएको भए सोको प्रमाण खुल्ने कागजातहरूको प्रतिलिपि,

(ग) अनुभव खुल्ने कागजात,

(घ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) पाँच हजार शब्दमा नबढाई अस्पतालको व्यवस्थापन, सञ्चालन, विकास र विस्तारमा नेतृत्वदायी भूमिका सहितको चार वर्षको व्यावसायिक कार्ययोजनाको सिलबन्दी खाम,

(च) सरकारी सेवा वा अन्य सार्वजनिक सेवा वा सङ्गठित संस्थामा कार्यरत स्थायी कर्मचारीले आवेदन दिन चाहेमा विभागीय स्वीकृति पत्र,

(छ) सूचनामा तोकिएका अन्य कागजात ।

(२) उपविनियम (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका कागजात पेश गर्दा आवेदन पेश गर्ने व्यक्ति आफैंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

११. <u>छनौट विधि:</u> (१) विनियम ९ बमोजिम आवेदन पेश गर्ने व्यक्तिहरुको सम्बन्धमा सिफारिस समितिले देहायको विधि अवलम्बन गरी मूल्याङ्कन गर्नेछ:-

(क) शैक्षिक योग्यता, अनुभव र तालिमको मूल्याङ्कन तथा प्रकाशित अनुसन्धानमूलक लेख,

(ख) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन,

(ग) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण,

(घ) अन्तर्वार्ता ।

(२) उपविनियम (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम मूल्याङ्कन गर्दा सिफारिस समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञको सहयोग लिन सक्नेछ ।

१२. <u>मूल्याङ्कनका आधार र प्रक्रिया:</u> विनियम ११ बमोजिम मूल्याङ्कन गर्दा सिफारिस समितिले देहाय बमोजिम अङ्क विभाजन गरी मूल्याङ्कन गर्नेछ:-

(क) शैक्षिक योग्यता, अनुभव र तालिमको मूल्याङ्कन तथा प्रकाशित अनुसन्धानमूलक लेख वापत बीस अङ्क,

(ख) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन वापत तीस अङ्क,

(ग) व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण वापत बीस अङ्क,

सचिव (राजस्व)

(घ) अन्तर्वार्ता बापत तीस अङ्क ।

१३. **शैक्षिक योग्यता, अनुभव र तालिमको मूल्याङ्कन तथा प्रकाशित अनुसन्धानमूलक लेख:** (१) सिफारिस समितिले आवेदन दिने उम्मेदवारहरूको शैक्षिक योग्यता, अनुभव र तालिमको मूल्याङ्कन तथा प्रकाशित अनुसन्धानमूलक लेखलाई देहायका आधारमा अङ्क प्रदान गर्नेछ:-

| क्र.सं. | विवरण | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ५ | |
| | (क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट चिकित्साशास्त्र वा अस्पताल व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधी प्राप्त गरेको | ३ | प्रथम श्रेणी - ३ अङ्क,<br>द्वितीय श्रेणी - २ अङ्क,<br>तृतीय श्रेणी - १ अङ्क,<br>(श्रेणी नछुट्टिएको अवस्थामा द्वितीय श्रेणीलाई निर्धारित अङ्क प्रदान गरिनेछ) |
| | (ख) चिकित्साशास्त्र वा अस्पताल व्यवस्थापन विषयमा विद्यावारिधि वा सो सरहको उपाधी प्राप्त गरेको | २ | एकमुष्ट |
| २ | अनुभव | १० | |
| | मान्यता प्राप्त विश्वविद्यालयबाट चिकित्साशास्त्र वा अस्पताल व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधी प्राप्त गरी चिकित्साशास्त्र वा अस्पताल व्यवस्थापन क्षेत्रमा कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कार्य अनुभव भएको | १० | १५ देखि २० वर्ष सम्मको - ८ अङ्क<br>२० वर्षभन्दा माथिको - १० अङ्क |
| ३ | तालिम | ३ | |
| | मान्यता प्राप्त संस्थाबाट अस्पताल प्रशासन वा अस्पताल व्यवस्थापन सम्बन्धी विषयको कम्तीमा ३० कार्यदिनको तालिम | ३ | प्रथम श्रेणी — ३ अङ्क<br>द्वितीय श्रेणी - २ अङ्क<br>तृतीय श्रेणी - १ अङ्क<br>(श्रेणी नछुट्टिएको अवस्थामा द्वितीय श्रेणीलाई निर्धारित अङ्क प्रदान गरिनेछ) |
| ४ | प्रकाशित अनुसन्धानमूलक लेख | २ | |
| | अस्पताल व्यवस्थापन सम्बन्धी विषयमा Index Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरेको । | २ | एकमुष्ठ |
| | जम्मा | २० | |

सचिव (राजस्व)

(२) सिफारिस समितिले आवश्यक ठानेमा शैक्षिक योग्यता, अनुभव र तालिमको मूल्याङ्कन तथा प्रकाशित अनुसन्धानमूलक लेखका आधारमा उम्मेदवारको संक्षिप्त सूची तयार गर्न सक्नेछ।

१४. **व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनः** (१) कार्यकारी निर्देशकको नियुक्तिका लागि आवेदन पेश गरी आवेदन स्वीकृत भएका उम्मेदवारहरुको व्यावसायिक कार्ययोजनामा गोप्य तरिकाले साङ्केतिक चिन्ह दिई (कोडिङ्ग गरी) सिफारिस समितिले तोकेका सदस्य वा विज्ञबाट गोप्य तरिकाबाट उपविनियम (२) बमोजिम मूल्याङ्कन गराइनेछ ।

(२) उपविनियम (१) बमोजिम व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन गर्दा देहायका आधारमा गरिनेछः-

| क्र.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | अवधारणागत स्पष्टता | ५ |
| २. | समस्याको पहिचान र समाधानका उपाय | ६ |
| ३. | संरचनात्मक प्रबन्ध र व्यवस्थापकीय सोच | ७ |
| ४. | सूचना तथा तथ्याङ्कको प्रयोग | ४ |
| ५. | नवप्रवर्तनकारी सोच | ८ |
| | जम्मा | ३० |

(३) उपविनियम (१) र (२) बमोजिम व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्ताले छुट्टाछुट्टै फाराममा गोप्य तरिकाले मूल्याङ्कन गरी मूल्याङ्कन कार्य पुरा हुनासाथ त्यस्तो व्यावसायिक कार्ययोजना र प्राप्ताङ्कको विवरण तत्काल शिलबन्दी गरी सिफारिस समितिलाई बुझाउनु पर्नेछ ।

१५. **व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणः** (१) विनियम १४ बमोजिम व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन गरिएका प्रत्येक उम्मेदवारले सिफारिस समिति समक्ष सो कार्ययोजनाको प्रस्तुतीकरण गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको लागि तीस मिनेटको समय उपलब्ध गराइनेछ ।

(३) उपविनियम (१) बमोजिम उम्मेदवारले गरेको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन देहायका आधारमा गरिनेछः-

५

सचिव (राजस्व)

| क.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | प्रस्तुतीकरणको शैली | ४ |
| २. | विषयवस्तुको स्पष्टता | १० |
| ३. | आत्मविश्वास र प्रश्न सम्बोधन | ५ |
| ४. | समय व्यवस्थापन | १ |
| जम्मा | | २० |

(४) यस विनियम बमोजिम व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन गर्दा प्रत्येक मूल्याङ्कनकर्ताले न्यूनतम चालीस प्रतिशत र अधिकतम सत्तरी प्रतिशत अङ्क दिनु पर्नेछ ।

(५) उपविनियम (४) मा उल्लेख गरिए भन्दा घटी वा बढी अङ्क दिनु पर्ने भएमा सोको मनासिब कारण खुलाउनु पर्नेछ ।

(६) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कनको विवरण प्रत्येक मूल्याङ्कनकर्ताले छुट्टाछुट्टै फाराममा गोप्य तरिकाले भर्नु पर्नेछ ।

(७) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन कार्य सकिनासाथ सबै मूल्याङ्कन फारामहरु सबै मूल्याङ्कनकर्ताको रोहबरमा शिलबन्द गरी राखिनेछ ।

१६. <u>अन्तर्वार्ता</u>: (१) सिफारिस समितिले विनियम १५ बमोजिम व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण गर्ने प्रत्येक उम्मेदवारको व्यक्तिगत अन्तर्वार्ता लिनेछ ।

(२) उपविनियम (१) बमोजिम अन्तर्वार्ता लिंदा उम्मेदवारको मूल्याङ्कन देहायका आधारमा गरिनेछः-

| क.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | आत्मविश्वास | ६ |
| २. | विषयवस्तुको स्पष्टता | ८ |
| ३. | व्यक्तित्व | ६ |
| ४. | तार्किक क्षमता | ६ |
| ५. | समरुपता | ४ |
| जम्मा | | ३० |

(३) यस विनियम बमोजिम अन्तर्वार्ता वापत अङ्क दिंदा प्रत्येक मूल्याङ्कनकर्ताले न्यूनतम चालीस प्रतिशत र अधिकतम सत्तरी प्रतिशत अङ्क दिनु पर्नेछ ।

(४) उपविनियम (३) मा उल्लेख गरिए भन्दा घटी वा बढी अङ्क दिनु पर्ने भएमा सोको मनासिब कारण खुलाउनु पर्नेछ ।



सचिव (राजस्व)

(५) अन्तर्वार्तामा अङ्क दिइएको विवरण प्रत्येक मूल्याङ्कनकर्ताले छुट्टाछुट्टै फाराममा गोप्य तरिकाले भर्नु पर्नेछ ।

(६) सबै उम्मेदवारको अन्तर्वार्ता सकिनासाथ मूल्याङ्कन फारामहरु सबै मूल्याङ्कनकर्ताको रोहबरमा शिलबन्द गरी राखिनेछ ।

१७. <u>अन्तिम अङ्क गणना:</u> (१) अन्तर्वार्ताको चरण पुरा भएपछि सिफारिस समितिले सिलबन्दी फारामहरु खोली शैक्षिक योग्यता, अनुभव र तालिमको मूल्याङ्कन तथा प्रकाशित अनुसन्धानमूलक लेख वापतको प्राप्ताङ्क, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको प्राप्ताङ्क, व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन र अन्तर्वार्ताको मूल्याङ्कनमा सबै मूल्याङ्कनकर्ताले प्रदान गरेको अङ्कको आधारमा अन्तिम अङ्क गणना गरिनेछ ।

(२) उपविनियम (१) बमोजिम व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण तथा अन्तर्वार्ता मूल्याङ्कनको अङ्क गणना गर्दा सबै मूल्याङ्कनकर्ताले प्रदान गरेको अङ्कको औषत प्राप्ताङ्क निकाली गणना गरिनेछ ।

१८. <u>सिफारिस गर्ने:</u> (१) सिफारिस समितिले विनियम १७ बमोजिम अन्तिम अङ्क गणना गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीनजना उम्मेदवारको नाम कार्यकारी निर्देशकको नियुक्तिका लागि योग्यताक्रमको आधारमा समिति समक्ष सिफारिस गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम सिफारिस गरिएका उम्मेदवारको नामावली सिफारिश समितिले मन्त्रालयको वेभसाइट मार्फत् प्रकाशित गर्न सक्नेछ ।

१९. <u>नियुक्ति गर्ने:</u> (१) विनियम १८ बमोजिम सिफारिस भएका उम्मेदवार मध्ये समितिले उपयुक्त ठानेको उम्मेदवारलाई कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम नियुक्ति भएको व्यक्तिलाई मन्त्रालयले अनुसुची-२ बमोजिमको ढाँचामा नियुक्तिपत्र दिनेछ ।

## परिच्छेद-३
## <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>

२०. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार:</u> (१) आदेशमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिबाट स्वीकृत नीति अनुसार अस्पतालको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) अस्पताल सञ्चालनका लागि आवश्यक नीतिको मस्यौदा गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,



सचिव (राजस्व)

(ग) अस्पतालको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(घ) अस्पतालको पूर्वाधार विकास योजना, वित्तीय व्यवस्थापन योजना, जनशक्ति व्यवस्थापन योजना, सेवा प्रवाहमा सुधार सम्बन्धी योजना तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(ङ) समितिको बैठकमा पेश गरिने विषय तयार गरी बैठक हुनु भन्दा कम्तीमा चौबीस घण्टा अघि समितिका अध्यक्ष तथा सदस्यलाई उपलव्ध गराउने,

(च) समितिबाट भएका निर्णय, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(छ) समितिको स्वीकृतिमा अस्पतालको लागि आवश्यक जनशक्ति तथा साधन स्रोतको प्रबन्ध मिलाउने,

(ज) सेवाग्राहीलाई अस्पतालबाट सहज रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने,

(झ) अस्पतालबाट प्रवाह हुने विशेषज्ञ सेवालाई थप प्रभावकारी बनाउन पारस्परिकताको आधारमा ज्ञान शीप आदान प्रदान गर्न अन्य अस्पताल वा स्वास्थ्य संस्थासँग सहकार्य गर्ने,

(ञ) प्रवर्द्धनात्मक, निदानात्मक र उपचारात्मक स्वास्थ्य सेवा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु र स्वास्थ्य जोखिम न्यूनीकरण क्रियाकलापहरु सञ्चालन गर्ने,

(ट) समय समयमा सेवा शुल्कको पुनरावलोकनका लागि समिति समक्ष पेश गर्ने,

(ठ) अस्पतालको भौतिक तथा अन्य सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गरी चुस्त दुरुस्त अवस्थामा राख्ने व्यवस्था मिलाउने,

(ड) विपद् तथा महामारीको समयमा आकष्मिक उपचार सेवा प्रदान गर्न आवश्यक जनशक्ति तथा अन्य व्यवस्था मिलाउने,

(ढ) अस्पतालमा अत्याधुनिक डाइग्नोष्टिक सेवा र सुपरस्पेसियालिटी सेवा स्थापना गरी मल्टीस्पेसियालिटी अस्पतालको रुपमा विकास गर्ने,

(ण) प्रदेश तहमा अस्पतालको क्षेत्र विस्तार गर्ने कार्य योजना तयार गरी समिति समक्ष पेश गर्ने,

(त) अस्पतालको त्रैमासिक प्रगति विवरण समिति समक्ष पेश गर्ने,

(थ) समितिले तोकेका अन्य कार्यहरु ।

(२) कार्यकारी निर्देशकले उपविनियम (१) बमोजिम आफुलाई प्राप्त अधिकार आफु मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद-४
## पारिश्रमिक, सेवा शर्त तथा सुविधा

२१. कार्यकारी निर्देशकको पारिश्रमिक, सेवा शर्त तथा सुविधाः (१) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवा शर्त तथा सुविधा देहाय बमोजिम हुनेछः-

(क) मासिक एक लाख रुपैंया तलब र वार्षिक एक महिनाको तलब बराबर चाडपर्व खर्च,

(ख) नेपाल सरकारले तोकेको मासिक महँगी भत्ता र वार्षिक पोशाक खर्च,

(ग) मासिक तीन हजार सञ्चार खर्च,

(घ) प्रत्येक वर्ष एक महिनाको तलब बराबरको औषधि उपचार खर्च,

(ङ) शूरु तलबमानको पचास प्रतिशत बराबरको मासिक भत्ता,

(च) अस्पतालको आय अनुसार कार्यसम्पादन प्रोत्साहन कोषबाट दामासाहीले प्राप्त हुने प्रोत्साहन भत्ता,

(छ) एकजना निजी सहायक (अस्पतालको बरिष्ठ पाँचौं सरह) र एकजना कार्यालय सहयोगी,

(ज) एउटा सवारी साधन, सोको लागि लगबुक अनुसारको ईन्धन तथा मर्मतको व्यवस्था र एक जना हलुका सवारी चालक,

(झ) अस्पताललाई विशेषज्ञ सेवा उपलव्ध गराएमा अन्य विशेषज्ञ चिकित्सकले पाए सरहको सुविधा ।

(२) कार्यकारी निर्देशकको पुरा समय अस्पतालको हुनेछ । निजले अस्पताल बाहेक अन्यत्र स्वास्थ्य उपचारलगायतका सेवा उपलब्ध गराउन पाउने छैन ।

२२. कार्यसम्पादन सम्झौता गर्नेः (१) अस्पतालको कार्यकारी निर्देशकले मन्त्रालयको सचिवसँग कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम गरिएको कार्यसम्पादन सम्झौताको मूल्याङ्कन गर्दा औषतमा असी प्रतिशत भन्दा कम अङ्क प्राप्त भएमा वा कार्य सम्पादन सम्झौता अनुसारको लक्ष्य वा उपलव्धी हासिल नभएमा समितिले कार्यसम्पादन सम्झौता रद्द गर्न सक्नेछ ।

## परिच्छेद-५

## <u>विविध</u>

२३. **<u>आवेदन रद्द हुन सक्ने:</u>** कार्यकारी निर्देशक पदको लागि कुनै उम्मेदवारले आवेदन पेश गर्दा गलत वा झुठ्ठा कागज पत्र पेश गरेको देखिएमा सिफारिस समितिले जुनसुकै बखतमा उम्मेदवारको आवेदन रद्द गर्न सक्नेछ ।

२४. **<u>कागजपत्रको संरक्षण:</u>** (१) सिफारिस समितिले सिफारिसको कार्य सम्पन्न गरिसकेपछि तत्सम्बन्धी कागजातहरू मन्त्रालयले सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) सिफारिस समितिले गरेको मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कागजात गोप्य रहनेछ ।

२५. **<u>आवश्यक व्यवस्था गर्ने:</u>** विनियमावली कार्यान्वयनमा कुनै कठिनाई आईपरेमा समितिले सो फुकाउन आवश्यक व्यवस्था गर्नेछ ।

सचिव (राजस्व)

अनुसूची-१
(विनियम ९ सँग सम्बन्धित)
<u>आवेदनको ढाँचा</u>

आवेदकको फोटो

श्री............................................
..............................., काठमाडौं ।

विषय : <u>कार्यकारी निर्देशक नियुक्तिका लागि आवेदन ।</u>

................................. को मिति / / मा राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार निजामती कर्मचारी अस्पतालको कार्यकारी निर्देशक पदमा निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ को दफा ६ र निजामती कर्मचारी अस्पताल (कार्यकारी निर्देशकको नियुक्ति, काम, कर्तव्य, अधिकार र सेवा सुविधा) विनियमावली, २०७७ बमोजिम योग्यता पुरा गरेको हुँदा देहायका कागजात संलग्न राखी नियुक्तिका लागि यो आवेदन पेश गरेको छु । साथै निजामती कर्मचारी अस्पताल (कार्यकारी निर्देशकको नियुक्ति, काम, कर्तव्य, अधिकार र सेवा सुविधा) विनियमावली, २०७७ को विनियम ६ बमोजिम अयोग्य नरहेको स्वघोषणा गर्दछु । यसमा झुट्टा ठहरे कानून बमोजिम सहनेछु, बुझाउनेछु ।

आवेदकको नामथर:
दस्तखत:
ठेगाना:
सम्पर्क मोबाइल नं.
इमेल:
मिति:

<u>संलग्न:</u>

(क) शैक्षिक योग्यता र तालिम सम्बन्धी स्वयं प्रमाणित कागजातहरुको प्रतिलिपि ।
(ख) अस्पताल व्यवस्थापन सम्बन्धी विषयमा Index Journal मा अनुसन्धानमूलक लेख प्रकाशित भएको भए सो को प्रमाण खुल्ने कागजातहरूको स्वयं प्रमाणित प्रतिलिपि ।
(ग) अनुभव खुल्ने कागजातहरू ।
(घ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
(ङ) पाँच हजार शब्दमा नबढाई अस्पतालको व्यवस्थापन, सञ्चालन, विकास र विस्तारमा नेतृत्वदायी भूमिका सहितको चार वर्षको व्यावसायिक कार्ययोजनाको सिलबन्दी खाम ।
(च) सरकारी सेवा वा अन्य सार्वजनिक सेवा वा सङ्गठित संस्थामा कार्यरत स्थायी कर्मचारीले आवेदन दिन चाहेमा विभागीय स्वीकृति पत्र ।
(छ) आवेदन दस्तुर वापत रु. ५,०००।- बुझाएको रसिद/बैंक भौचर ।
(ज) सूचनामा तोकिएका अन्य विषयहरु ।



सचिव (राजस्व)

अनुसुची-२

(विनियम १९ को उपविनियम (२) सँग सम्बन्धित)

<u>नियुक्ति पत्रको नमूना</u>

मितिः

विषयः <u>नियुक्ति</u> ।

श्री ..................

...............................

निजामती कर्मचारी अस्पताल विकास समितिको मिति ............. को निर्णय अनुसार तपाईलाई निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश २०६४ को दफा ६ को उपदफा (२) बमोजिम निजामती कर्मचारी अस्पतालको कार्यकारी निर्देशक पदमा नियुक्ति गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदछु ।

आफ्नो सेवा कालमा सदैव निजामती कर्मचारी अस्पताल सम्बन्धी प्रचलित नीति र कानूनको अधीनमा रही अस्पतालको उत्तरोत्तर प्रगति र विकासका लागि योगदान दिनु हुनेछ भन्ने अस्पताल विकास समितिले तपाईसँग अपेक्षा राखेको छ ।

तपाईको सफल कार्यकालको लागि शुभकामना छ ।

..................

सचिव

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

<u>बोधार्थः</u>

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,

सिंहदरबार, काठमाडौं ।

श्री निजामती कर्मचारी अस्पताल,

नयाँ बानेश्वर, काठमाडौं ।